जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९
जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९


"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ३०५ | २०८३ साल असार ०७ गते आईतवार | Sunday-21-June-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## वर्षौंदेखि एउटै कार्यालयमा जमेका कर्मचारी, बेरूजु करोडौंमा–सुशासनमाथि स्थानीयको आक्रोश




*शु.आ. सम्बाददाता*
*बारा, ०६ असार*

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/०८२ को प्रतिवेदनले कोल्हवी नगरपालिकाको आर्थिक अवस्था र प्रशासनिक कार्यशैलीमाथि गम्भीर प्रश्न उठाएको छ। प्रतिवेदनअनुसार नगरपालिकामा ठूलो परिमाणमा बेरुजु देखिएको मात्रै होइन, लामो समयदेखि एउटै कार्यालयमा जमेका कर्मचारीको भूमिकामाथि पनि प्रश्न चिन्ह खडा भएको छ।

महालेखा परीक्षकको प्रतिवेदनमा कोल्हवी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतका रूपमा पितानाथ लुईटेल कार्यरत रहेको उल्लेख छ तर हाल उहाँ सरुवा भईसकेका छन्। भने लेखा प्रमुख सुरेन्द्र प्रसाद चौधरी लामो समयदेखि सोही नगरपालिकामा कार्यरत रहेको देखिन्छ। सुशासन, पारदर्शिता र आर्थिक अनुशासन कायम गर्न कर्मचारीको नियमित सरुवा तथा जिम्मेवारी परिवर्तन आवश्यक मानिने भए पनि कोल्हवीमा भने एउटै संरचना वर्षौंदेखि दोहोरिँदै आएको भन्दै स्थानीयस्तरमा आलोचना बढ्न थालेको छ।

प्रतिवेदनअनुसार नगरपालिकाको कुल बेरुजु रकम करोडौं रुपैयाँ पुगेको देखिन्छ। बेरुजुको ठूलो हिस्सा असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने तथा प्रमाण कागजात पेश नभएका शीर्षकमा रहेको छ। यसले नगरपालिकाको आर्थिक कारोबारमा गम्भीर लापरवाही भएको संकेत गरेको जानकारहरू बताउँछन्।

स्थानीयवासीहरूका अनुसार नगरपालिकामा वर्षौंदेखि एउटै कर्मचारी समूहको प्रभाव कायम हुँदा आर्थिक पारदर्शिता कमजोर बन्दै गएको छ। विशेष गरी लेखा शाखामा लामो समयदेखि एउटै नेतृत्व रहँदा खर्च व्यवस्थापन, भुक्तानी प्रक्रिया तथा योजनाको वित्तीय परीक्षणमाथि निष्पक्षता कायम हुन नसकेको आरोप लाग्दै आएको छ।

सुशासनका अभियन्ताहरूले स्थानीय तहमा एउटै कर्मचारी लामो समय बस्दा "सेटिङ संस्कृति" मौलाउने, ठेकेदार-कर्मचारी-राजनीतिक नेतृत्वबीच अस्वस्थ सम्बन्ध बन्ने तथा आर्थिक अनियमितताको जोखिम बढ्ने बताएका छन्। उनीहरूका अनुसार महालेखाको प्रतिवेदनले देखाएको बेरुजु सामान्य प्रशासनिक कमजोरी नभई प्रणालीगत समस्याको संकेत हो।

नगरपालिकाभित्र विकास निर्माणका नाममा भएका खर्च, उपभोक्ता समितिमार्फत गरिएका भुक्तानी, कागजातविहीन खर्च तथा योजनाको प्रभावकारितामाथि समेत प्रश्न उठ्न

*बाँकी तेश्रो पृष्ठमा*

## सिम्रौनगढमा घुमुवामार्फत तस्करी संरक्षणको आरोप, प्रहरीभित्रै असुली जालो उजागर




*शु.आ. सम्बाददाता*
*बारा, ०६ असार*

बाराको सिम्रौनगढ क्षेत्रमा तस्करी नियन्त्रणका नाममा प्रहरीकै संलग्नतामा घुमुवामार्फत अवैध असुली भइरहेको गम्भीर आरोप सार्वजनिक भएको छ।

ईलाका प्रहरी कार्यालय सिम्रौनगढ मातहतका विभिन्न सीमा नाकाहरूमा अघोषित रूपमा घुमुवा परिचालन गरी तस्करीलाई संरक्षण दिइएको र मासिक रूपमा रकम असुली हुने गरेको आरोप स्थानीय तथा स्रोतहरूले लगाएका छन्।

स्रोतका अनुसार प्रहरी जवान छोटेलाल पटेललाई घुमुवाको रूपमा खटाई काचोर्वा, खजानी, श्रीनगर बैरिया, बसवरिया, पथलवाघाट, बेलदारी, सतुवाही, पिपरपाती लगायतका नाकाहरूमा हुने अवैध कारोबारबाट नियमित असुली गरिँदै आएको दाबी गरिएको छ।

स्थानीयहरूले घरायसी सामान बोकेका सर्वसाधारणलाई चेकजाँचको नाममा अनावश्यक दुःख दिने तर तस्करी समूहसँग भने 'मासिक सेटिङ' मिलाई निर्बाध कारोबार गर्न छुट दिइएको गम्भीर आरोप लगाएका छन्।

त्यस क्रममा हार्डवेयर, कपडा, मल, धानदेखि लिएर कस्मेटिक सामानसम्म भारतबाट अवैध रूपमा भित्रिने गरेको तथा नेपालबाट रक्सी, कबाड लगायतका सामग्री पनि भारततर्फ तस्करी हुने गरेको स्रोतको दाबी छ। लागुऔषध नियन्त्रण अभियान चलिरहेकै अवस्थामा समेत सिम्रौनगढ नाकाबाट गाँजा लगायतका लागू पदार्थको अवैध ओसारपसारमा समेत संलग्नता रहेको आरोपसमेत स्रोतहरूले लगाएका छन्।

स्रोतका अनुसार घुमुवा परिचालनमार्फत उठाइने रकम इलाका प्रहरी कार्यालय सिम्रौनगढका प्रमुख प्रहरी निरीक्षक कृष्णदेव प्रसाद साहसम्म पुग्ने गरेको दाबी गरिएको छ। निरीक्षक साह र केही तस्कर समूहबीचको मिलेमतोका कारण अवैध कारोबार नियन्त्रणभन्दा बाहिर गएको स्थानीयहरूको आरोप छ।

घुमुवा पटेल विगत करिब तीन वर्षदेखि सिम्रौनगढ क्षेत्रमा सक्रिय रहेको र केही समय संगठनभित्रको आन्तरिक गुनासोपछि हटाइए पनि पुनः

*बाँकी तेश्रो पृष्ठमा*

## सिम्रौनगढ नपाद्वारा ६१ करोडभन्दा बढीको बजेट प्रस्तुत, विवादरहित नगरसभाले दियो सकारात्मक सन्देश




*शु.आ. सम्बाददाता*
*बारा, ०६ असार*

सिम्रौनगढ नगरपालिकाको जनप्रतिनिधिहरूको दोस्रो कार्यकालअन्तर्गत पहिलोपटक ११ औं नगरसभा शान्तिपूर्ण, सौहार्दपूर्ण तथा सहमतिपूर्ण वातावरणमा सम्पन्न भएको छ। विगतका नगरसभाहरूमा पटक-पटक देखिँदै आएको विवाद, अवरोध र असहमतिलाई यसपटक अन्त्य गर्दै सम्पूर्ण जनप्रतिनिधिको सहभागितामा सभा सफलतापूर्वक सम्पन्न भएको नगरपालिकाले जनाएको छ।

नगरसभाको अध्यक्षता नगर प्रमुख किशोरी साह कलवारले गरेका थिए भने प्रमुख प्रशासकीय अधिकृत नवराज अधिकारीको विशेष उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा उपप्रमुख नजमु शेहर, सहायक प्रमुख तथा शिक्षा शाखा प्रमुख वीरबहादुर साह लहेरा, लेखा प्रमुख मनीष साह कलवार, वडा नं. १ देखि ११ सम्मका वडा अध्यक्ष, कार्यपालिका सदस्य, नगरसभा सदस्य, सुरक्षाकर्मी, सञ्चारकर्मी तथा विभिन्न सरोकारवालाको उल्लेखनीय सहभागिता रहेको थियो।

यसपटकको नगरसभा शान्तिपूर्ण र व्यवस्थित रूपमा सम्पन्न हुनुमा प्रमुख प्रशासकीय अधिकृत नवराज अधिकारी तथा तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत एवं प्रशासनतर्फका आठौं तहका कर्मचारी वीरबहादुर साह लहेराको समन्वयकारी भूमिका प्रभावकारी रहेको सहभागीहरूले बताएका छन्। नगरसभा व्यवस्थापन, कार्यसूची समन्वय, जनप्रतिनिधिबीच सहमति निर्माण तथा प्रशासनिक तयारीमा उनीहरूले सक्रिय भूमिका निर्वाह गरेको सहभागीहरूको भनाइ छ।

नगरसभामा नगर प्रमुख किशोरी साह कलवारले आर्थिक वर्ष २०८३/०८४ का लागि नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्दै शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार विकास, खानेपानी, सरसफाइ, सामाजिक सुरक्षा, महिला तथा बालबालिका सशक्तीकरण, रोजगार प्रवर्द्धन तथा सुशासनलाई प्राथमिकतामा राखिएको बताएका छन्। उनले नगरवासीको आवश्यकता र अपेक्षालाई केन्द्रमा राखेर समावेशी तथा दिगो विकासको अवधारणाअनुसार नीति तथा कार्यक्रम तयार गरिएको जानकारी दिए। साथै आन्तरिक आय अभिवृद्धि, सेवा प्रवाहमा पारदर्शिता, डिजिटल प्रविधिको प्रयोग, सडक तथा सार्वजनिक पूर्वाधार निर्माण, कृषि उत्पादन वृद्धि र युवामैत्री कार्यक्रमलाई आगामी वर्षको मुख्य लक्ष्य बनाइएको उल्लेख गरे।

नगरसभामा प्रस्तुत स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिवेदनअनुसार आगामी आर्थिक

*बाँकी तेश्रो पृष्ठमा*

## विश्रामपुर गाउँपालिकाको १९औँ गाउँसभा सम्पन्न, ३५ करोड ५१ लाखभन्दा बढीको बजेट प्रस्तुत



*शु.आ. सम्बाददाता*
*बारा, ०६ असार*

बाराको विश्रामपुर गाउँपालिकाको १९औँ गाउँसभा शनिबार गाउँपालिकाको सभाहलमा सम्पन्न भएको छ। गाउँपालिका अध्यक्ष जुल्फकार अली भुट्टोको अध्यक्षतामा सम्पन्न गाउँसभामा आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरिएको हो।

गाउँसभामा गाउँपालिका उपाध्यक्ष प्रियंका देवीको सहकार्यमा वडा नम्बर २ का वडा अध्यक्ष मनोज कुमार यादवले नीति तथा कार्यक्रमसहित बजेट प्रस्तुत गरेका थिए। कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सुनील प्रसाद केशरीले स्वागत मन्तव्य व्यक्त गर्दै गाउँपालिकाको समग्र विकास, सेवा प्रवाह तथा सुशासनलाई प्रभावकारी बनाउने लक्ष्यसहित योजना अघि बढाइएको बताएका थिए।

सभामा प्रस्तुत बजेटअनुसार आगामी आर्थिक वर्षका लागि कुल ३५ करोड ५१ लाख ३१ हजार रुपैयाँ बराबरको विनियोजन प्रस्ताव गरिएको छ। बजेटमा कृषि, शिक्षा, स्वास्थ्य, सडक पूर्वाधार, खानेपानी, सामाजिक विकास, विपद् व्यवस्थापन तथा संस्थागत सुदृढीकरणलाई प्राथमिकतामा राखिएको गाउँपालिकाले जनाएको छ। प्रस्तुत विवरणअनुसार संघीय सरकारबाट विशेष अनुदानतर्फ १ करोड ७६ लाख रुपैयाँ, समपूरक अनुदानतर्फ २५ लाख रुपैयाँ तथा सशर्त अनुदानअन्तर्गत पूँजीगततर्फ ८८ लाख रुपैयाँ र चालुतर्फ ११ करोड रुपैयाँ विनियोजन गरिएको छ। यस्तै मधेश प्रदेश सरकारबाट सशर्त अनुदानतर्फ २० लाख तथा विशेष अनुदानतर्फ ३० लाख रुपैयाँ प्रस्ताव गरिएको छ।

आर्थिक विकासतर्फ कृषि तथा पशु विकासका लागि ४० लाख रुपैयाँ, सिँचाइका लागि १७ लाख रुपैयाँ, उद्योग तथा वाणिज्य प्रवर्द्धनका लागि ५ लाख रुपैयाँ तथा रोजगार सेवा केन्द्र सञ्चालनका लागि ८ लाख रुपैयाँ विनियोजन गरिएको छ।

सामाजिक विकासअन्तर्गत स्वास्थ्य क्षेत्रमा ५० लाख रुपैयाँ, शिक्षातर्फ १ करोड ९० लाख ८३ हजार रुपैयाँ, खानेपानी तथा सरसफाइमा ८ लाख रुपैयाँ, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक लक्षित कार्यक्रममा ५ लाख रुपैयाँ तथा लैंगिक समानता र सामाजिक समावेशीकरणका लागि २५ लाख रुपैयाँ बजेट प्रस्ताव गरिएको छ। संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि समेत १८ लाख रुपैयाँ छुट्याइएको छ।

पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दै सडक तथा पुल निर्माणका लागि १ करोड ५७ लाख रुपैयाँ, भवन तथा सहरी विकासतर्फ १ करोड ५६ लाख रुपैयाँ तथा ऊर्जा क्षेत्रका लागि ४८

*बाँकी तेश्रो पृष्ठमा*

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय...........

### विपद् अभ्यास र सीमा सुरक्षाः तयारीसँगै दीर्घकालीन समाधान आवश्यक

बागमती नदीमा सशस्त्र प्रहरी बलले सञ्चालन गरेको 'साहस' नामक विपद् उद्धार अभ्यासले वर्षायाममा बढ्ने बाढी तथा डुबानको जोखिमप्रति समयमै गरिएको तयारीलाई सकारात्मक रुपमा देखाएको छ । मधेस प्रदेश बाढी-डुबानको उच्च जोखिमयुक्त क्षेत्र भएकाले यस्ता अभ्यास केवल औपचारिकता होइन, व्यवहारिक क्षमताको परीक्षण र सुधारको अवसर पनि हुन् ।

विपद् व्यवस्थापनमा सशस्त्र प्रहरीको सक्रियता सराहनीय भए पनि चुनौती भने अझै धेरै छन् । नदी कटान, कमजोर पूर्वाधार, अव्यवस्थित बस्ती विकास र समयमै सूचना प्रणाली नपुग्नुजस्ता कारणले प्रत्येक वर्ष जनधनको क्षति दोहोरिने गरेको छ । यस्तो अवस्थामा सुरक्षा निकाय मात्र होइन, स्थानीय तहदेखि प्रदेश सरकारसम्मको समन्वय अझ प्रभावकारी बन्न आवश्यक देखिन्छ ।

यसैबीच सीमा क्षेत्रमा अवैध गतिविधि नियन्त्रणका क्रममा गरिएको कुखुरा बरामद र नष्ट गर्ने कार्यले पनि सुरक्षा निकायको सक्रियता देखाउँछ । तर यस्ता नियन्त्रणात्मक कदम मात्र पर्याप्त होइनन्, दीर्घकालीन रुपमा तस्करीको संरचनागत जालो तोड्न कडाइका साथ निगरानी र निष्पक्ष अनुसन्धान आवश्यक छ ।

समग्रमा, विपद् तयारी र सीमा सुरक्षामा देखिएको सक्रियता सकारात्मक भए पनि त्यसलाई दीगो र परिणाममुखी बनाउन नीति, कार्यान्वयन र समन्वय तीनै तहमा सुधार अपरिहार्य देखिन्छ ।

# मैदानबाहिरको आधा आकाश



सरस्वती तिमिल्सिना

महिला सहभागिताको विषय केवल खेलकुदको नभई समग्र समाज र देशकै विकाससँग जोडिएको छ ।

विश्वकप फुटबलले विश्वभर उत्सवको माहोल सिर्जना गरिरहँदा, अन्तर्राष्ट्रिय मञ्चदेखि नेपालका गाउँघरसम्म गम्भीर प्रश्न उब्जिएको छ- खेलकुदको मैदानमा आधा आकाश ओगट्ने महिलाहरूको वास्तविक स्थान कहाँ छ ? सन् १९३० मा सुरु पुरुष विश्वकपको तुलनामा सन् १९९१ मा मात्र महिला विश्वकप सुरु हुनु र आज पनि हाम्रा टोलका मैदानहरूमा छोरीहरूको पहुँच नहुनुले विश्वव्यापी तथा राष्ट्रियस्तरमा रहेको गहिरो लैंगिक असमानतालाई छर्लंग पार्छ । यस लेखमा खेलकुदमा महिला अवसर, सामाजिक दृष्टिकोण र उनीहरूको दबिएका सपनाहरूको यथार्थपरक चिरफार हो ।

विश्वकप फुटबल विश्वकै सबैभन्दा ठूलो खेलकुद महोत्सवमध्ये एक हो । मैदानमा खेलाडीहरू प्रतिस्पर्धा गरिरहेका हुन्छन्, दर्शक उत्साहित हुन्छन् र राष्ट्रहरू आफ्नो गौरवको उत्सव मनाइरहेका हुन्छन् । तर यस्तो समयमा एउटा प्रश्न उठ्न सक्छ- विश्वकप फुटबलमा महिलाको सहभागिता किन न्यून देखिन्छ ? के महिलाहरू भूमिकाविहीन नै हुन् ? यस प्रश्नको उत्तर खोज्दा सर्वप्रथम एउटा भ्रम हटाउन आवश्यक छ । महिलाहरूको भूमिका कहिल्यै शून्य थिएन र छैन । बरु इतिहासले देखाउँछ कि समाज, परिवार, शिक्षा, संस्कृति र खेलकुदका आधार निर्माणमा महिलाको योगदान अत्यन्त महत्वपूर्ण रहँदै आएको छ । समस्या योगदानको अभावमा होइन, बरु योगदानलाई हेर्ने दृष्टिकोणमा छ ।

खेलकुदमा सफलता केवल मैदानमा दौडिने खेलाडीको प्रयासले मात्र सम्भव हुँदैन । एउटा खेलाडीको पछाडि परिवार, प्रशिक्षक, विद्यालय, समुदाय र समाजको ठूलो भूमिका हुन्छ । त्यहाँ आमाको माया, दिदीबहिनीको सहयोग, पत्नीको साथ, महिला प्रशिक्षकको मार्गदर्शन र महिला प्रशासकको व्यवस्थापन पनि जोडिएको हुन्छ । त्यसैले विश्वकपमा महिलाको उपस्थिति केवल खेलाडीको रूपमा मात्र नाप्न मिल्दैन ।

तर अर्को यथार्थ पनि छ । विश्वका धेरै देशहरूमा महिलाहरूले खेलकुदमा समान अवसर पाएका छैनन् । बाल्यकालदेखि नै छोरालाई खेल मैदान र छोरीलाई घरायसी जिम्मेवारीतर्फ केन्द्रित गराउने सामाजिक सोच अझै धेरै ठाउँमा विद्यमान छ । खेल पूर्वाधार, लगानी, प्रशिक्षण, छात्रवृत्ति र प्रोत्साहनका अवसरहरू पनि प्राय: पुरुषतर्फ बढी केन्द्रित हुने गरेका छन् । परिणामस्वरूप प्रतिभा भएर पनि धेरै महिला खेलकुदमा निरन्तरता दिन सक्दैनन् । संसारका करोडौं मानिस टेलिभिजन अगाडि बसेर गोल गन्ने, रेफ्रीलाई गाली गर्ने र आफ्नो मनपर्ने टोलीका लागि रातभर जाग्राम बस्ने बेला आएको छ । तर विश्वकप हेर्दाहेर्दै मेरो ध्यान घरछेउको सानो फुटबल मैदानतिर जान्छ । त्यहाँ हरेक साँझ धुलो उडिरहेको हुन्छ, केटाहरू कराइरहेका हुन्छन्, गोलपोस्टका जालीहरू हल्लिरहेका हुन्छन् । तर एउटा कुरा भने वर्षौंदेखि उस्तै छ- त्यो मैदानमा किन केटाहरू मात्र खेलिरहेका हुन्छन् ?

आखिर छोरीहरूले कहिले छुने विश्वकप ?

विश्वकपको ट्रफी त टाढाको कुरा भयो, उनीहरूले आफ्नो टोलको मैदानको बलसमेत स्वतन्त्र रूपमा छुने अवसर पाएका छन् कि छैनन् ? रोचक कुरा के छ भने, पुरुष विश्वकप १९३० मा सुरु भएको थियो भने महिला विश्वकप १९९१ मा मात्र सुरु भयो- अर्थात् महिलालाई फुटबल छुन करिब ६१ वर्ष लाग्यो । महिला फुटबलको विश्वकप पहिलो पटक सन् १९९१ मा खेलिएको थियो । यो प्रतियोगिता चीनमा १६-३० नोभेम्बर १९९१ सम्म आयोजना गरिएको थियो र यसमा १२ राष्ट्र सहभागी भएका थिए । फिफाले २०३१ देखि महिला विश्वकपलाई ४८ टोलीसम्म विस्तार गर्ने निर्णय पनि गरिसकेको छ । भन्नका लागि त अन्तर्राष्ट्रिय स्तरमा महिलाहरूको आफ्नै विश्वकप पनि छ तर गाउँ, विद्यालय वा स्थानीय मैदानहरूमा अझै पनि अवसर र पहुँचमा असमानता देखिन्छ, जुन लैंगिक समानताका लागि महत्वपूर्ण विषय हो ।

हामी समाजका रूपमा निकै रोचक छौं । छोराले बल खेल्यो भने 'भविष्यको स्टार' भन्छौं । छोरीले बल खेल्न खोजी भने 'घाममा किन डुलिरहेकी ?' भनेर सोध्छौं । छोराको घुँडा फुट्यो भने साहसको चिह्न ठान्छौं, छोरीको घुँडा फुट्यो भने संस्कार बिग्रिएको प्रमाण खोज्छौं । हामी समानताको भाषण गर्छौं, तर खेलमैदानको ढोका अझै बराबरीले खोल्न सकेका छैनौं । व्यंग्यको कुरा त के छ भने, विश्वकप जित्दा राष्ट्र गौरवान्वित हुन्छ भनेर हामी गर्व गर्छौं, तर राष्ट्रका आधा नागरिकलाई खेल्ने अधिकार दिन भने अझै कन्जुस्याइँ गर्छौं । छोरीहरूलाई दर्शक बन्न सिकाइन्छ, खेलाडी बन्न होइन । उनीहरूलाई ताली बजाउन अनुमति छ, तर गोल गर्न अनुमति छैन जस्तो व्यवहार गरिन्छ ।

तर यो प्रश्न महिलाको होइन, अवसरको हो । फुटबलको मात्र होइन । यो त सम्भावनाको प्रश्न हो । आत्मविश्वासको प्रश्न हो । सपनाको प्रश्न हो । दार्शनिक रूपमा हेर्ने हो भने, एउटा बलले कसैको लिंग सोध्दैन । मैदानले खेलाडीको जात, धर्म वा लिंग छुट्ट्याउँदैन । गोलपोस्टले पनि 'केटा' र 'केटी' भनेर गोल गन्दैन । यी सबै विभाजन त मानिसले बनाएका हुन् । प्रकृतिले त केवल क्षमता दिएको छ, सिमाना होइन । विश्वकपको ट्रफीले कहिल्यै खेलाडीको लिंग सोध्दैन, तर मैदानसम्म पुग्ने बाटोले भने अझै कहिलेकाहीँ सोधिरहेको देखिन्छ ।

आज मेरो घरछेउको मैदानमा खेलिरहेका ती केटाहरू भोलि विश्वकप नपुग्न सक्छन् । तर त्यही मैदानबाहिर उभिएर खेल हेर्दै गरेकी कुनै छोरीलाई अवसर दिइयो भने सायद उसैले देशको नाम विश्वमञ्चमा चम्काउन सक्छे । प्रतिभा लिंगमा जन्मिँदैन, अवसरमा हुर्किन्छ । हामीले छोरीहरूलाई 'तिमी पनि खेल्न सक्छौ' भनेरमात्र पुग्दैन । खेल्न सक्ने वातावरण दिनुपर्छ । सुरक्षित मैदान, प्रोत्साहन, परिवारको साथ र समाजको विश्वास दिनुपर्छ । किनभने अधिकार कागजमा लेखेर मात्र स्थापित हुँदैन, व्यवहारमा लागू गरेर स्थापित हुन्छ ।

तर यो प्रश्न महिलाको होइन, अवसरको हो । फुटबलको मात्र होइन । यो त सम्भावनाको प्रश्न हो । आत्मविश्वासको प्रश्न हो । सपनाको प्रश्न हो ।

जबसम्म छोरीहरूले स्वतन्त्र रूपमा मैदानमा उत्रिने समान अवसर र सम्मान पाउँदैनन्, तबसम्म समानताका नाराहरू अपूरै रहनेछन् । प्रतिभा लिंगले होइन, अवसरले हुर्किन्छ । महिला र पुरुष खेलाडीबीचको वास्तविक समानता भनेको एउटालाई अर्कोसँग तुलना गरेर होइन, दुवैलाई आफ्नो क्षमता प्रदर्शन गर्ने समान अवसर, सम्मान र स्रोत उपलब्ध गराएर मापन गरिनुपर्छ । अब केही दिन विश्वकप भइरहनेछ । ट्रफीहरू उठाइनेछन् । राष्ट्रगानहरू बजाइनेछन् । तर छोरीहरूको लागि साँचो विश्वकप त्यही दिन सुरु हुनेछ, जुन दिन घरछेउको मैदानमा केटा र केटी दुवैले एउटै बल पछ्याइरहेका हुनेछन् । जब खेलाडीको परिचय उसको खेल हुनेछ, लिंग होइन । त्यस दिन सायद कुनै सानी छोरीले बललाई पहिलो पटक किक हानेर मुस्कुराउँदै सोध्नेछे- 'विश्वकप त धेरै टाढा रहेनछ, है ?' त्यसैले यो केवल फुटबलको कथा होइन; यो आधा आकाशलाई मैदानमा उत्रिन दिने वा नदिने हाम्रो सामूहिक निर्णयको कथा हो । यो महिलाको क्षमताको प्रश्न होइन, अवसरको प्रश्न हो । समाज एउटा रथ हो, जसका दुई पांग्रा महिला र पुरुष हुन् । कुनै एक पांग्रालाई कमजोर बनाइयो भने रथको गति स्वाभाविक रूपमा प्रभावित हुन्छ । त्यसैले महिला सहभागितालाई केवल महिला अधिकारको विषयका रूपमा होइन, समाजको समग्र विकासको विषयका रूपमा बुझ्न आवश्यक छ । लैंगिक समानताको अर्थ महिलालाई विशेष सुविधा दिनुमात्र होइन; उनीहरूलाई आफ्नो क्षमता प्रदर्शन गर्ने पुरुषसरह अवसर प्रदान गर्नु हो ।

जब विद्यालय र समाजका खेल मैदान सुरक्षित हुन्छन्, जब परिवारले छोरीको खेलप्रतिको रुचिलाई सम्मान गर्छ । जब खेलकुद नीतिहरू समावेशी बन्छन् र जब समाजले महिला खेलाडीलाई पनि समान सम्मान दिन्छ, तब सहभागिता स्वाभाविक रूपमा बढ्छ । आज आवश्यक कुरा महिलाको योगदानमाथि प्रश्न उठाउनु होइन, उनीहरूको सहभागिता बढाउन आवश्यक संरचना निर्माण गर्नु हो । खेलकुदमा महिलाको उपस्थिति बढ्नु भनेको केवल पदक जित्नु होइन; आत्मविश्वास, नेतृत्व, स्वास्थ्य र सामाजिक समानताको विस्तार पनि हो । त्यसैले प्रश्न 'महिलाहरू भूमिकाविहीन हुन् त ?' होइन । सही प्रश्न त यो हो- 'के हामीले महिलाहरूलाई आफ्नो भूमिका प्रदर्शन गर्न पर्याप्त अवसर दिएका छौं ?' जब यो प्रश्नको इमानदार उत्तर खोज्न थाल्छौं, तबमात्र विश्वकप होस् वा जीवनको कुनै पनि क्षेत्र, महिलाको सहभागिता शून्य होइन सराह्ननीय हुनेछ । अन्ततः महिला सहभागिताको विषय केवल खेलकुदको नभई समग्र समाज र देशकै विकाससँग जोडिएको छ । जबसम्म छोरीहरूले स्वतन्त्र रूपमा मैदानमा उत्रिने समान अवसर र सम्मान पाउँदैनन्, तबसम्म समानताका नाराहरू अपूरै रहनेछन् । प्रतिभा लिंगले होइन, अवसरले हुर्किन्छ । त्यसैले, आधा आकाशलाई निर्धक्क मैदानमा प्रवेशको बाटो खोल्नु र खेल्ने वातावरण दिनु आजको अपरिहार्य आवश्यकता हो ।


## जनहितमा जारी सन्देश

- घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जबरजस्ती करणी र अन्य मानसिक तथा शारिरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन्।
- कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधी, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।
- लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं ।

ठोरी गाउँपालिका
घ्याङडाँडा, पर्सा

समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# राष्ट्रिय सुरक्षा र हितको रक्षाका लागि सेना तयार : इरान

***तेहरान-*** इरानको इस्लामिक रिभोल्युसनरी गाड्‌र्स कोर्प्स (आईआरजीसी) ले देशको सुरक्षा, सम्मान र राष्ट्रिय हितको रक्षा गर्न आफ्नो सेना पूर्ण रूपमा तयार रहेको जनाएको छ ।

अमेरिका र इरानबीच युद्ध अन्त्य तथा तनाव न्यूनीकरणका लागि भएको सम्झौतापछि आईआरजीसीले यस्तो धारणा सार्वजनिक गरेको हो ।

आईआरजीसीद्वारा जारी विज्ञप्तिमा शत्रुपक्षले सम्झौताप्रति प्रतिबद्धता नजनाए वा आफ्नो वाचा उल्लङ्घन गरे इरानले आवश्यक कदम चाल्न पछि नपर्ने उल्लेख गरिएको छ। साथै इरानी जनताको साहसिक प्रतिरोध, सैन्य बलको त्याग तथा नेतृत्वको दूरदर्शिताले विपक्षी पक्षलाई युद्धविरामतर्फ अग्रसर हुन बाध्य बनाएको दाबी गरिएको छ ।

विज्ञप्तिमा अन्यायविरुद्धको इरानको ऐतिहासिक अडान र सर्वोच्च कमाण्डरको नेतृत्वका कारण सेना देशको रक्षा तथा प्रतिरोध मोर्चाका वैध अधिकारको संरक्षणमा दृढ रहेको उल्लेख छ ।

अमेरिका र इजरायलद्वारा इरानमाथि आक्रमण सुरु भएको करिब १०० दिनपछि दुवै पक्षबीच सम्झौता भएको हो। यद्यपि सम्झौतापछि पनि अमेरिका र इरान दुवैले आफ्नो-आफ्नो पक्षलाई विजयी भएको दाबी गर्दै आएका छन् । सम्झौतामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र इरानी राष्ट्रपति मसूद पेजेश्कियानको हस्ताक्षर रहेको छ । उक्त समझदारीअनुसार इरानको आणविक कार्यक्रमबारे वार्ताका लागि ६० दिनको रूपरेखा तय गरिएको छ । सम्झौताले सबै मोर्चामा तत्काल सैन्य गतिविधि रोक्ने, लेबनानसमेत समेट्ने गरी युद्धविराम कायम गर्ने तथा एकअर्काको सार्वभौमिकताको सम्मान गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

यसैगरी, रणनीतिक रूपमा महत्वपूर्ण हर्मुजको जलडमरू पुनः सञ्चालन गर्ने र इरानी जहाजमाथि लगाइएको अमेरिकी नौसैनिक नाकाबन्दी हटाउने विषयमा पनि सहमति भएको जनाइएको छ ।

सम्झौताअनुसार अमेरिका तथा उसका क्षेत्रीय साझेदारहरूले इरानको पुनर्निर्माण र आर्थिक विकासका लागि कम्तीमा ३०० अर्ब अमेरिकी डलर बराबरको योजनामा सहकार्य गर्ने तयारीसमेत गरेका छन् ।

# भारतमा जुन २२-२३ मा ब्रिक्स राष्ट्रिय सुरक्षा सल्लाहकारहरुको बैठक

***नयाँदिल्ली-*** भारतले जुन २२ र २३ मा ब्रिक्स राष्ट्रहरूको राष्ट्रिय सुरक्षा सल्लाहकारहरूको बैठक आयोजना गर्ने भएको छ। भारतको विदेश मन्त्रालय (एमईए) का अनुसार बैठकको अध्यक्षता राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले गर्नेछन् ।

बैठकमा ब्रिक्स सदस्य राष्ट्रका राष्ट्रिय सुरक्षा सल्लाहकार तथा प्रतिनिधिमण्डल प्रमुखहरूले विश्वले सामना गरिरहेका परम्परागत तथा उदीयमान सुरक्षा चुनौतीबारे व्यापक छलफल गर्ने कार्यक्रम छ। विशेषगरी द्रुत रूपमा परिवर्तन भइरहेका सुरक्षा जोखिम र तीसँग सम्बन्धित नयाँ प्रविधिको भूमिकाबारे विचार आदानप्रदान हुने जनाइएको छ।

बैठकमा आतंकवादविरुद्धको सहकार्य तथा सूचना एवं सञ्चार प्रविधिको सुरक्षित प्रयोगसम्बन्धी हालै सम्पन्न ब्रिक्स संयुक्त कार्य समूहका निष्कर्षहरूको पनि समीक्षा गरिनेछ।

भारतले यसअघि सन् २०१२, २०१६ र २०२१ मा ब्रिक्सको अध्यक्षता गरिसकेको छ । सन् २०२६ मा भारतले चौथोपटक ब्रिक्सको अध्यक्षता गरिरहेको छ । यस वर्षको भारतीय अध्यक्षता 'समावेशिता, नवप्रवर्तन, सहयोग र दिगोपनका लागि निर्माण' भन्ने मूल विषयवस्तुमा केन्द्रित रहेको मन्त्रालयले जनाएको छ।

यो दृष्टिकोण सन् २०२५ मा रियो दि जेनेरियोमा आयोजित ब्रिक्स शिखर सम्मेलनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रस्तुत गरेको जनकेन्द्रित र मानवतामुखी सोचसँग मेल खाने बताइएको छ ।

हाल ब्रिक्समा ११ उदीयमान तथा विकासोन्मुख राष्ट्रहरू आबद्ध छन् । सदस्य राष्ट्रहरूमा ब्राजिल, चीन, इजिप्ट, इथियोपिया, भारत, इन्डोनेसिया, इरान, रूस, साउदी अरेबिया, दक्षिण अफ्रिका र संयुक्त अरब इमिरेट्स रहेका छन् ।

ब्रिक्सले विश्वव्यापी तथा क्षेत्रीय महत्वका राजनीतिक, आर्थिक र सुरक्षा सम्बन्धी विषयमा सदस्य राष्ट्रहरूबीच परामर्श र सहकार्यका लागि महत्वपूर्ण मञ्चका रूपमा काम गर्दै आएको छ । ब्रिक्स-२०२६ को आधिकारिक वेबसाइटका अनुसार संगठनको कार्यसूची राजनीति र सुरक्षा, अर्थतन्त्र तथा वित्त, साथै संस्कृति र जनस्तरीय आदानप्रदान गरी तीन प्रमुख स्तम्भमा आधारित छ ।

ब्रिक्स सहकार्यले आतंकवादविरुद्धको अभियान, जलवायु परिवर्तन, खाद्य तथा ऊर्जा सुरक्षा, अन्तर्राष्ट्रिय आर्थिक तथा वित्तीय व्यवस्था, दूरसञ्चार, कृषि, श्रम तथा रोजगारी, व्यापार र विश्व व्यापार संगठनलगायतका विविध क्षेत्रमा सक्रिय भूमिका निर्वाह गर्दै आएको जनाएको छ ।


जनहितमा जारी सन्देश

- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिबाट जोगिऔं ।
- सडेगलेका तथा बासी खाना नखाऔं ।
- घरवरिपरी तथा व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।

सुवर्ण गाउँपालिका
कवहीगोठ, बारा

परवानीपुर गाउँपालिका द्वारा जनहितमा जारी सन्देश

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर  मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

परवानीपुर गाउँपालिकाको कार्यालय, बारा

जनहितमा जारी सन्देश

- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिबाट जोगिऔं ।
- सडेगलेका तथा बासी खाना नखाऔं ।
- घरवरिपरी तथा व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।

करैयामाई गाउँपालिका
करैया, बारा


## वर्षौंदेखि.........

थालेको छ । प्रतिवेदन सार्वजनिक भएपछि स्थानीय नागरिकले नगरपालिकासँग स्पष्ट जवाफ माग्न थालेका छन् ।

स्थानीय बुद्धिजीवीहरू भन्छन्, "हरेक वर्ष बेरुजु दोहोरिनु सामान्य कुरा होइन । एउटै कर्मचारी वर्षौंदेखि एउटै ठाउँमा बस्ने अनि बेरुजु पनि बढ्दै जाने हो भने त्यसले राम्रो संकेत गर्दैन । अब छानबिन हुनपर्छ ।"

यता नगरपालिकाका जिम्मेवार अधिकारीहरूले भने बेरुजु प्रक्रियागत विषय भएको दाबी गर्दै आवश्यक कागजात मिलान तथा फछ्र्योटको काम भइरहेको बताएका छन् । तर नागरिक समाजका अगुवाहरूले महालेखाको प्रतिवेदनलाई सामान्य प्रक्रियागत कमजोरी भन्दै पन्छाउन नमिल्ने बताएका छन् ।

स्थानीय तहलाई संविधानले दिएको अधिकारसँगै आर्थिक जिम्मेवारी पनि उत्तिकै ठूलो रहेको अवस्थामा कोल्हवी नगरपालिकामा देखिएको बेरुजु र प्रशासनिक स्थायित्वको यो अवस्था सुशासनमाथिको गम्भीर चुनौतीका रूपमा हेरिएको छ । अब सम्बन्धित निकाय, अख्तियार तथा संघीय मामिला मन्त्रालयले यसतर्फ ध्यान दिने कि नदिने भन्ने प्रश्न समेत उठ्न थालेको छ ।

## घुमुवा.............

सोही जिम्मेवारीमा फर्किएको बताइएको छ। यसअघि मधेश प्रदेश प्रहरी कार्यालयले घुमुवा गतिविधिमा संलग्न प्रहरीहरूलाई कारवाही गर्दै सरुवा गर्ने अभ्यास गरे पनि सिम्रौनगढमा भने प्रभावकारी कदम नचालिएको स्थानीयको आरोप छ।

यस सम्बन्धमा प्रतिक्रिया लिन खोज्दा प्रहरी निरीक्षक साहसँग भएको सरकारी नम्बर ९८५५०४५२९९ मा सम्पर्क गर्दा पनि सम्पर्क हुन सकेन। स्थानीयवासीले तस्करी नियन्त्रणका नाममा भएको भनिएको यस्तो गतिविधिबारे निष्पक्ष छानबिन गरी उच्चस्तरीय अनुसन्धानमार्फत दोषीमाथि कडा कारबाही गर्न माग गरेका छन् ।

## सिम्रौनगढ.........

वर्षका लागि सिम्रौनगढ नगरपालिकाको कुल अनुमानित आय ६१ करोड ६३ लाख ५० हजार रुपैयाँ रहने प्रक्षेपण गरिएको छ ।

प्रतिवेदनअनुसार संघीय सरकारबाट समानीकरण अनुदानतर्फ १३ करोड ५६ लाख रुपैयाँ, सशर्त चालु अनुदानतर्फ २४ करोड ६७ लाख रुपैयाँ, सशर्त पुँजीगत अनुदानतर्फ २ करोड १९ लाख रुपैयाँ तथा समपूरक अनुदानतर्फ ५३ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ । त्यसैगरी प्रदेश सरकारबाट समानीकरण अनुदान १ करोड ३९ लाख रुपैयाँ, समपूरक अनुदान २० लाख रुपैयाँ, विशेष अनुदान ३० लाख रुपैयाँ तथा सशर्त अनुदान ४० लाख रुपैयाँ प्राप्त हुने प्रक्षेपण गरिएको छ ।

नगरपालिकाले घरजग्गा रजिस्ट्रेसन दस्तुरबाट ६५ लाख रुपैयाँ, मूल्य अभिवृद्धि कर (VAT) बाँडफाँडबाट ८ करोड २५ लाख ५३ हजार रुपैयाँ, अन्तःशुल्क बाँडफाँडबाट ३ करोड ५३ लाख ८० हजार रुपैयाँ, प्रदेश राजस्व बाँडफाँडबाट ८८ लाख ५७ हजार रुपैयाँ, बैंक मौज्दातबाट १ करोड रुपैयाँ, आन्तरिक स्रोतबाट ४ करोड १० लाख रुपैयाँ तथा सडक बोर्डबाट ५० लाख रुपैयाँ प्राप्त हुने अनुमान गरेको जनाएको छ ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत नवराज अधिकारीले स्थानीय तहको विकासका नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्नेमा जोड दिँदै जनप्रतिनिधि, कर्मचारी तथा नागरिकबीचको समन्वयबाट मात्र समृद्ध नगर निर्माण सम्भव हुने बताए ।

नगरसभामा सहभागी जनप्रतिनिधिहरूले नीति तथा कार्यक्रममाथि आ-आफ्नो धारणा राख्दै नगर विकास, सेवा प्रवाह सुधार तथा नागरिकका आधारभूत आवश्यकतामा केन्द्रित भएर काम गर्न सुझाव दिएका थिए । सहभागीहरूले यसपटकको नगरसभा सहमतिपूर्ण, उपलब्धिमूलक तथा सकारात्मक सन्देश दिने खालको भएको प्रतिक्रिया दिएका छन् ।

कार्यक्रमको अन्त्यमा नगर प्रमुख किशोरी साह कलवारले नगरसभालाई सफल बनाउन सहयोग गर्ने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मी तथा सहभागीप्रति धन्यवाद व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम नगरवासीको जीवनस्तर उकास्ने दिशामा केन्द्रित रहेको विश्वास व्यक्त गरे ।

## विश्रामपुर.........

लाख रुपैयाँ विनियोजन गरिएको छ। विपद् व्यवस्थापनका लागि ७ लाख रुपैयाँ छुट्याइएको छ।

सुशासन तथा संस्थागत विकासअन्तर्गत प्रशासनिक तथा कार्यालय सञ्चालनका लागि ९ करोड ४७ लाख ६३ हजार रुपैयाँ, विद्युतीय सूचना प्रविधिको प्रयोगका लागि ५ लाख रुपैयाँ, मर्मत सम्भार तथा म्याचिङ फण्डका लागि ६४ लाख ८४ हजार रुपैयाँ तथा संस्थागत क्षमता विकासका लागि ५ लाख रुपैयाँ प्रस्ताव गरिएको छ ।

वडागत बजेटअनुसार वडा नम्बर १ मा आर्थिक विकासतर्फ ५ लाख, पूर्वाधारतर्फ ६० लाख, सामाजिक विकासतर्फ ७ लाख तथा सुशासनतर्फ ३ लाख रुपैयाँ विनियोजन गरिएको छ । वडा नम्बर २ मा पूर्वाधारतर्फ ५५ लाख, सामाजिक विकासतर्फ ६ लाख तथा सुशासनतर्फ ९ लाख रुपैयाँ छुट्याइएको छ ।

त्यसैगरी वडा नम्बर ३ मा आर्थिक विकासतर्फ ७ लाख ५० हजार, पूर्वाधारतर्फ ५० लाख, सामाजिक विकासतर्फ ९ लाख ५० हजार तथा सुशासनतर्फ ३ लाख रुपैयाँ विनियोजन गरिएको छ । वडा नम्बर ४ मा पूर्वाधार विकासका लागि ६० लाख, आर्थिक विकासका लागि ५ लाख तथा सामाजिक विकासका लागि ५ लाख रुपैयाँ छुट्याइएको छ । वडा नम्बर ५ मा पूर्वाधार विकासतर्फ ५९ लाख ४९ हजार, सामाजिक विकासतर्फ ३ लाख ६० हजार तथा सुशासन तथा संस्थागत विकासका लागि ७ लाख रुपैयाँ विनियोजन गरिएको गाउँसभामा जानकारी गराइएको थियो ।

गाउँसभामा जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, कर्मचारी, पत्रकार, गाउँ प्रहरी, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा स्थानीय बुद्धिजीवीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । सहभागीहरूले गाउँपालिकाले कृषि, शिक्षा, सडक तथा आधारभूत सेवामा केन्द्रित भएर बजेट ल्याएको प्रतिक्रिया दिएका छन् ।

गाउँसभाले प्रस्तुत नीति, कार्यक्रम तथा बजेटमाथि छलफल गर्दै आगामी आर्थिक वर्षमा प्रभावकारी कार्यान्वयनमा जोड दिने निर्णय गरेको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाले नीति, कार्यक्रम तथा बजेट निर्माणमा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्ने नेपाल सरकार, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, जनप्रतिनिधि, राजनीतिक दल, विषयगत कार्यालय, सुरक्षा निकाय, गैरसरकारी संस्था, उद्योगी-व्यवसायी, नागरिक समाज तथा सम्पूर्ण गाउँपालिका कर्मचारीप्रति आभार व्यक्त गर्दै बजेट कार्यान्वयनमा निरन्तर सहयोगको अपेक्षा गरेको जनाएको छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - फतुवा बिजयपुर नगरपालिका, रौतहट

# "स्वस्थ र सक्रिय वृद्धावस्थाका लागि योग" भन्ने नारासहित विशेष कार्यक्रम सम्पन्न

***बारा, ०६ असार***



अन्तर्राष्ट्रिय योग दिवस २०२६ को अवसरमा बाराको महागढीमाई नगरपालिकामा विशेष कार्यक्रम आयोजना गरी योग दिवस मनाइएको छ । वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासको आयोजनामा सम्पन्न कार्यक्रममा योगको महत्व तथा स्वस्थ जीवनशैली प्रवर्द्धनमा विशेष जोड दिइएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री मोहम्मद समिरले कार्यक्रमको उद्घाटन गरेका थिए । उद्घाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री समिरले योग केवल शारीरिक व्यायाम मात्र नभई मानिसको मानसिक, बौद्धिक तथा आध्यात्मिक विकासको महत्वपूर्ण माध्यम भएको बताए ।

उनले नियमित योग अभ्यासले तनाव व्यवस्थापन, रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि तथा स्वस्थ र अनुशासित जीवनयापनमा महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै आधुनिक जीवनशैलीका कारण बढ्दै गइरहेका विभिन्न स्वास्थ्य समस्यालाई न्यूनीकरण गर्न योग प्रभावकारी माध्यम बन्न सक्ने बताए । मन्त्री समिरले सबै उमेर समूहका नागरिकलाई दैनिक जीवनमा योगलाई समावेश गर्न आग्रह गर्दै योगले व्यक्ति, समाज र राष्ट्रलाई स्वस्थ बनाउन योगदान पुऱ्याउने विश्वास व्यक्त गरे । कार्यक्रमको अध्यक्षता महागढीमाई नगरपालिकाका नगर प्रमुख उपेन्द्र यादवले गरेका थिए । कार्यक्रममा बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्र, जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी उपरीक्षक नरेन्द्र कुँवर, विभिन्न सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, जनप्रतिनिधि, सुरक्षा निकायका अधिकारी, सामाजिक अगुवा, योग प्रशिक्षक तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रमअन्तर्गत सहभागीहरूलाई विभिन्न योगासन, प्राणायाम तथा ध्यान अभ्यास गराइएको थियो । योग प्रशिक्षकहरूले योगको इतिहास, यसको महत्व तथा योगले शारीरिक र मानसिक स्वास्थ्यमा पार्ने सकारात्मक प्रभावबारे जानकारी गराएका थिए । सहभागीहरूले सामूहिक रूपमा योगाभ्यास गर्दै अन्तर्राष्ट्रिय योग दिवस उत्साहपूर्वक मनाएका थिए ।

सन् २०१४ मा संयुक्त राष्ट्रसंघले जुन २१ लाई अन्तर्राष्ट्रिय योग दिवसका रूपमा मान्यता दिएपछि विश्वभर यो दिवस मनाइँदै आएको छ । यस वर्ष "थ्यनब ायच ज्भबतिजथ बनभष्लन" अर्थात् "स्वस्थ र सक्रिय वृद्धावस्थाका लागि योग" भन्ने नारासहित दिवस मनाइएको हो । कार्यक्रमले योगप्रति जनचेतना अभिवृद्धि गर्नुका साथै स्वस्थ, अनुशासित र सकारात्मक जीवनशैली अपनाउन प्रेरणा प्रदान गरेको आयोजक भारतीय महावाणिज्य दूतावास वीरगंजले जनाएको छ ।

# सिम्रौनगढमा बिधुत सर्ट भएर आगलागी, करिब ३५ हजारको क्षति

***शु.आ. सम्बाददाता***
***कलैया, ०६ असार***



बाराको सिम्रौनगढ नगरपालिका-१ ढाँट गाउँमा शनिबार दिउँसो आगलागी हुँदा एक घरमा क्षति पुगेको छ ।

स्थानीय राजेन्द्र मुखियाका छोरा अन्दाजी २७ वर्षीय जलेन्द्र मुखियाको खरले छाएको फुसको भान्सा कोठामा विद्युत् तार सर्ट भई आगलागी भएको प्रहरीले जनाएको छ ।

दिउँसो करिब १ बजे सुरु भएको आगलागीबाट घरभित्र रहेका कपडा, दाउरा, भाँडाकुँडा लगायतका सामग्री जलेर नष्ट भएका छन् । आगलागीबाट करिब रु ३५ हजार बराबरको क्षति भएको प्रहरीको अनुमान छ ।

घटनामा कुनै मानवीय तथा चौपाया क्षति नभएको जनाइएको छ । आगलागीपछि स्थानीयवासी, दमकल तथा प्रहरीको संयुक्त प्रयासमा आगो करिब १:३० बजे पूर्ण रूपमा नियन्त्रणमा आएको थियो । घटनाबारे जानकारी प्राप्त हुनासाथ अस्थायी प्रहरी पोस्ट पथलवाघाट बाराबाट प्रहरी सहायक निरीक्षकको कमाण्डमा टोली घटनास्थलमा पुगेको प्रहरीले जनाएको छ ।

# हत्या मुद्दाका फरार आरोपी कारागार चलान

***शु.आ. सम्बाददाता***
***बारा, ०६ असार***




बारामा करिब दुई दशकअघि भएको हत्या घटनाका एक फरार आरोपीलाई प्रहरीले पक्राउ गरी पुर्पक्षका लागि कारागार चलान गरेको छ । जिल्ला प्रहरी कार्यालय बाराका अनुसार प्रसौनी गाउँपालिका-५ निवासी ४८ वर्षीय श्यामबाबु प्रसाद चौरसियालाई बारा जिल्ला अदालतको आदेशपछि थुनामा पठाइएको हो । प्रहरीका अनुसार २०६२ साल असोज ३ गते साविक मोतिसर गाविस-९ हाल कलैया उपमहानगरपालिका-१८ मोतिसर टोल निवासी ४० वर्षीय सितलप्रसाद चौरसियाको हत्या भएको थियो । जग्गासम्बन्धी पुरानो रिसइबीका कारण नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जबाट ड्युटी सकेर घर फर्किने क्रममा दुधौरा खोलाको बगरमा उनीमाथि आक्रमण गरिएको थियो । अनुसन्धानका क्रममा श्यामबाबु प्रसाद चौरसियाले मृतकको घाँटी रेटी हत्या गरेको खुलेको प्रहरीले जनाएको छ । घटनापछि फरार रहेका उनलाई प्रहरीले लामो खोजतलासपछि जेठ १३ गते पक्राउ गरेको थियो ।

पक्राउ परेका चौरसियामाथि अनुसन्धान प्रक्रिया पूरा गरी असार ५ गते बारा जिल्ला अदालतमा उपस्थित गराइएको थियो । अदालतले प्रारम्भिक प्रमाणका आधारमा उनलाई पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको जिल्ला प्रहरी कार्यालय बाराका सूचना अधिकारी तथा प्रहरी नायव उपरीक्षक मिनबहादुर घलेले जानकारी दिए ।

लामो समयदेखि फरार रहेका आरोपी पक्राउ परेपछि पुरानो हत्या घटनाले पुनः चर्चा पाएको छ । प्रहरीले फरार अपराधीहरूको खोजी तथा कानुनी कारबाहीलाई निरन्तरता दिइरहेको जनाएको छ ।

# निजगढमा संघीयता सुदृढीकरण तथा समाचार लेखनसम्बन्धी दुईदिने तालिम सुरू

***रूपेश यादव***
***रौतहट , ०६ असार***




आम सञ्चार प्राधिकरण मधेस प्रदेशको आयोजनामा संघीयता सुदृढीकरण तथा समाचार लेखनसम्बन्धी दुईदिने क्षमता अभिवृद्धि तालिम बारा जिल्लाको निजगढमा सुरु भएको छ । फेडरलिजम एण्ड लोकालाइजेसन सेन्टरको प्राविधिक सहयोगमा सञ्चालन गरिएको उक्त कार्यक्रममा मधेस प्रदेशका रौतहट, बारा, सर्लाही र पर्सा जिल्लाबाट करिब ४० जना पत्रकारहरूको सहभागिता रहेको छ । कार्यक्रमको उद्देश्य पत्रकारहरूको पेशागत क्षमता अभिवृद्धि गर्नुका साथै संघीय शासन प्रणालीबारे थप जानकारी प्रदान गर्नु रहेको आयोजकले जनाएको छ ।

उद्घाटन सत्रलाई सम्बोधन गर्दै संघीयता विज्ञ डा. खिमलाल देवकोटाले नेपालमा संघीय व्यवस्था लागू भएपछि केही चुनौती र कमजोरी देखिए पनि समग्र रूपमा महत्वपूर्ण उपलब्धिहरू हासिल भएको बताउनुभयो । उहाँले संघीयताको प्रभावकारी कार्यान्वयनमा सञ्चारमाध्यम र पत्रकारहरूको भूमिका निर्णायक हुने धारणा व्यक्त गर्नुभयो । त्यसैगरी, तालिममा संविधानसभा सदस्य प्रह्लाद लामिछाने तथा प्रशिक्षक विनय मिश्रले संघीय शासन प्रणाली, स्थानीय तहको सशक्तीकरण तथा प्रभावकारी समाचार लेखनका विभिन्न पक्षबारे प्रशिक्षण प्रदान गर्नुभएको थियो । समापन सत्रलाई सम्बोधन गर्दै आम सञ्चार प्राधिकरण मधेस प्रदेशका अध्यक्ष जितेन्द्र खड्काले संघीयतालाई थप मजबुत र प्रभावकारी बनाउन पत्रकारहरूको भूमिका सशक्त बनाउन यस्ता कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो । उहाँले मधेस प्रदेशका पत्रकारहरूका लागि ११ विधामा पत्रकारिता पुरस्कार प्रदान गर्ने प्रक्रिया अगाडि बढाइएको जानकारी दिनुभयो । साथै सञ्चारमाध्यमहरूको क्षमता विकासका लागि प्रोत्साहन कार्यक्रमअन्तर्गत ५० प्रतिशत अनुदानमा सञ्चार सामग्री उपलब्ध गराउने योजना रहेको पनि उहाँले बताउनुभयो ।

दुई दिनसम्म सञ्चालन हुने उक्त तालिममा संघीयता, सुशासन, स्थानीय सरकारको भूमिका तथा प्रभावकारी समाचार लेखनका विषयमा विस्तृत छलफल र प्रशिक्षण प्रदान गरिने आम सञ्चार प्राधिकरण मधेस प्रदेशका प्रमुख प्रशासकीय अधिकृत संतोष साहले जानकारी दिनुभयो ।








तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - फेटा गाउँपालिका, बारा